"Access to All"

# गरिमा विकास बैंक लिमिटेड
# Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

च.नं : ग.वि.बैं.लि./२०८०/०८१/१२४७ मिति २०८०/१०/०२

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
युएनआई शान्तिमार्ग, काठमाण्डौं ।

**विषयः सत्रौं बार्षिक साधारण सभाको निर्णय जानकारी गराईएको सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा, यस विकास बैंकको सत्रौं बार्षिक साधारण सभा मिति २०८० पौष २९ गते आईतबारको दिन होटल पोखरा ग्राण्ड, पोखरा, कास्कीमा सम्पन्न भयो । सञ्चालक समितिको तर्फबाट उक्त साधारणसभामा प्रस्तुत निम्नानुसारका प्रस्ताव उपर छलफल भई उक्त प्रस्तावहरु पारित भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु । साथै, सत्रौं बार्षिक साधारणसभा सम्बन्धी विस्तृत विवरण तथा साधारणसभाबाट भएका निर्णयहरु सहितको माइन्युट पछि पेश गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध गर्दछु ।

**तपशिल**

**(क) सामान्य प्रस्तावहरु**

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको विकास बैंकको २०८० आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको प्रस्ताव बमोजिम हाल कायम चुक्ता पूँजी रु.५,१८,७६,८७,०५७.१४ (अक्षरेपि पाँच अर्ब अठार करोड छयहत्तर लाख सतासी हजार सन्ताउन्न र पैसा चौध मात्र) को ०.५० प्रतिशतले हुन आउने रकम रु.२,५९,३८,४३५.२९ (अक्षरेपि दुई करोड उनान्साठी लाख अड्तीस हजार चार सय पैतीस र पैसा उनन्तीस मात्र) नगद लाभांश (कर प्रयोजनको लागि) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

४. आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**(ख) विशेष प्रस्तावहरु**

१. संचालक समितिको प्रस्ताव तथा नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम हाल कायम चुक्ता पूँजी रु.५,१८,७६,८७,०५७.१४ (अक्षरेपि पाँच अर्ब अठार करोड छयहत्तर लाख सतासी हजार सन्ताउन्न र पैसा चौध मात्र) को ९.५० प्रतिशतले हुन आउने रकम रु.४९,२८,३०,२७०.४३ (अक्षरेपि उनान्पचास करोड अट्ठाईस लाख तीस हजार दुई सय सत्तरी र पैसा त्रिचालिस मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

Garima Bikas Bank Limited, Head Office: Lazimpat, Kathmandu

२. विकास बैंकको हाल कायम अधिकृत पूँजीलाई बृद्धि गरी रु.५,७०,००,००,०००।०० (अक्षरेपी पाँच अर्ब सत्तरी करोड मात्र) कायम गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. विशेष प्रस्ताव नं. (१) र (२) पारित भए बमोजिम हुने गरी विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४. गरिमा विकास बैंक लिमिटेड र अन्य ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा अन्य बैंक तथा वित्तीय संस्था(हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासंग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गर्ने मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न र निजबाट बैंकको सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्यांकन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसंग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रक्रिया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५. विकास बैंकको प्रबन्धपत्रमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(ग) विविध : कुनै प्रश्ताव नरहेको ।

<u>बोधार्थ :</u>

१. श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।

२. सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।

भवदीय,

Garima Bikas Bank Limited, Head Office: Lazimpat, Kathmandu

(माधवप्रसाद उपाध्याय)

कम्पनी सचिव/नायब प्रमुख कार्यकारी अधिकृत